# आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल
# अन्तरिम विधान–२०७८

नेपाल बहुजातीय (Multi-national), बहुभाषिक (Multi-lingual), बहुसाँस्कृतिक (Multi-cultural), बहुधार्मिक (Multi-religious), र भौगोलिक विविधता भएको एक सुन्दर मुलुक हो । यहाँ आदिवासी/जनजाति, खस आर्य, मधेशी, दलित, मुस्लिमलगायत विभिन्न जाति एवं समुदायहरू बसोबास गर्दछन् भने लगभग १२५ भाषा-भाषिकाहरू बोलिन्छन् । तर सामन्ती जातीय अहंकारवादी राज्यसत्ताका कारण झण्डै ४०% जनसंख्या भएका आदिवासी/जनजातिहरू सदियौंदेखि राजनीतिक, सामाजिक, कूटनीतिक, आर्थिक, भाषिक, प्रशासनिक, धार्मिक, शैक्षिकलगायत सबै क्षेत्रहरूमा अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन र विभेद झेलिरहेका छन् ।

जनयुद्ध, जनयुद्धलगायतका जनताका बलिदानीपूर्ण संघर्षहरूको फलस्वरूप नेपालमा संघीयता, गणतन्त्र स्थापना भएको छ भने केही हदसम्म धर्मनिरपेक्षता, समानुपातिक समावेशी नीति लागू भएको छ । यी निःसन्देह अत्यन्त महत्वपूंर्ण तथा ऐतिहासिक उपलब्धि एवं परिवर्तनहरू हुन् तर उत्पीडित जातिहरूको पहिचानका आधारमा संघीय एकाइहरूको निर्माण तथा जातीय स्वायत्त-शासन (Ethnic Autonomy) को व्यवस्था भने नेपालमा अझै भएको छैन । अतः प्राप्त ऐतिहासिक उपलब्धिहरूको रक्षा गर्दै निरन्तर अघि बढ्नु पर्दछ ।

त्यसैले, यस्ता जटिल एवं गम्भीर सवालहरूलाई द्वन्द्वात्मक भौतिकवादी तथा जनवादी दृष्टिकोणका आधारमा हेर्ने, बुझ्ने, व्याख्या गर्ने र समाधान गर्ने वैचारिक प्रतिवद्धता व्यक्त गर्दै,

आदिवासी/जनजातिहरूमाथि भैरहेको उत्पीडन एवं विभेदको अन्त्य तथा मुक्तिका लागि र राज्यसत्तामा पहुँच एवं समानुपातिक प्रतिनिधित्वका लागि सम्पूर्ण आदिवासी/जनजातिहरूलाई संगठित एवं एकताबद्ध बनाउनु पर्ने आवश्यकतालाई महसुस गर्दै, र

देशका अन्य सबै जाति एवं समुदायका जनतासँग समानता एवं मित्रताका आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम राख्दै देशको राष्ट्रिय स्वाधीनता एवं सार्वभौमिकताको रक्षा, संघीयता एवं गणतन्त्रको सुदृढीकरण र मुलुकको समृद्धिका लागि नेपाल कम्युनिस्ट पाटी (माओवादी केन्द्र)को एक जनसंगठनका रूपमा एउटा सशक्त, जुझारू, एवं साझा संगठनको आवश्यकता महसुस गरी **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल** पुर्नगठन गरी संचालन गर्नु वाञ्छनीय भएको हुनाले यो विधान जारी गरिएको छ ।

## भाग–१
## <u>प्रारम्भिक</u>

### धारा–१ : नाम, झण्डा, छाप र प्रारम्भ –

(१) **नाम :** यस संगठनको नाम **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल** हुनेछ र अंग्रेजीमा यसलाई **UNITED FRONT OF INDIGENOUS NATIONALITIES, NEPAL** भनिनेछ । संक्षेपमा नेपालीमा **आजसंमोने** र अंग्रेजीमा **UFINN** भनिनेछ ।

(२) **प्रारम्भ :** यो अन्तरिम विधान केन्द्रीय समितिले पारित गरेपछि लागू हुनेछ ।

(३) **झण्डा र शपथ-ग्रहण : आजसंमोने**को झण्डा र शपथ-ग्रहण क्रमशः अनुसूची-१ र ४ मा उल्लेख गरिएबमोजिम हुनेछन् ।

(४) **छाप, प्रतीक चिन्ह र कार्यालय :** यस संगठनको छाप र प्रतीक चिन्ह क्रमशः अनुसूची-३ र २ मा उल्लेख गरिएबमोजिम हुनेछन् । यस संगठनको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र प्रादेशिक कार्यालय प्रदेश राजधानीमा, जिल्ला कार्यालय जिल्ला सदरमुकाममा रहनेछन् । निर्वाचन क्षेत्र, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाका कार्यालयहरु सम्बन्धित निर्वाचन क्षेत्र, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, र गाउँपालिकाका समितिहरुले तोकेका स्थानहरूमा रहनेछन् ।

(५) **स्थापना मिति :** यस **संयुक्त मोर्चा**को स्थापना मिति वि.सं. २०६३ साल तदनुसार ई.सं. २००६ मानिनेछ ।

**धारा–२ : परिभाषा** – विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(१) **"आदिवासी/जनजाति"** भन्नाले आफ्नो परम्परागत भौगोलिक क्षेत्र भएको, राज्यको भन्दा पृथक धर्म, संस्कृति, मातृभाषा, इतिहास, परम्परागत रीति-रिवाज, साँस्कृतिक पहिचान र समानता एवं सामुदायिकतामा आधारित सामाजिक संरचना भएको, नेपालको राजनीति र राज्य संचालनको मूल प्रवाहमा समानुपातिक समावेशी प्रतिनिधित्व नभएको, नेपालको भौगोलिक एकीकरण हुनुभन्दा अघिका राज्यहरूका बासिन्दाका वंशज हुन् भन्ने लिखित वा अलिखित इतिहास भएको र

"हामी" भावनाले ओतप्रोत भएको मानव समुदायलाई बुझाउँदछ ।

(२) "**विधान"** भन्नाले **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**को अन्तरिम विधान-२०७८ लाई बुझाउँदछ ।

(३) **"संयुक्त मोर्चा"** भन्नाले **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**लाई जनाउँदछ ।

(४) **"अनुसूची"** भन्नाले यस अन्तरिम विधानमा व्यवस्था गरिएको अनुसूचीलाई बुझाउँदछ ।

(५) **"सचिवालय"** भन्नाले **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**को सचिवालयलाई जनाउँदछ ।

(६) "**विभाग"** भन्नाले **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**ले गठन गर्ने विभागहरूलाई जनाउँदछ ।

(७) **"अधिवेशन"** भन्नाले यस अन्तरिम विधानअनुरूप आयोजना हुने प्रदेश/जिल्ला, निर्वाचन क्षेत्र, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकास्तरीय अधिवेशनलाई जनाउँदछ ।

(८) **"महाधिवेशन"** भन्नाले विधानअनुरूप आयोजना हुने केन्द्रीय/राष्ट्रिय महाधिवेशनलाई बुझाउँदछ ।

(९) **"समिति"** भन्नाले यस विधानअनुसार गठन हुने **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**को केन्द्रीय, प्रदेश, जिल्ला, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका समितिलाई जनाउँदछ ।

(१०) "**सदस्य"** भन्नाले यस विधानअनुरूप **आदिवासी/जनजाति संयुक्त मोचा, नेपाल**को सदस्यताप्राप्त जातीय घटक मोर्चाहरूलाई जनाउँदछ। यस शब्दले **संयुक्त मोर्चा**का विभिन्न समितिहरूमा संगठित व्यक्तिहरूसमेतलाई जनाउँदछ ।

(११) "**पदाधिकारी"** भन्नाले यस विधानअनुसार गठन भएको

**संयुक्त मोर्चा**को गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका, निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, सचिव, सह-सचिव र कोषाध्यक्षलाई बुझाउँदछ ।

(१२) "**नियमावली"** भन्नाले **संयुक्त मोर्चा**को विधानको अधीनमा रही केन्द्रीय समितिले बनाएको नियमावलीलाई बुझाउँदछ ।

## भाग–२
## गठन र उद्देश्यहरू

**धारा–३ :**

(१) **संयुक्त मोर्चा**को गठन राष्ट्रिय महाधिवेशनद्वारा हुनेछ ।

(२) **संयुक्त मोर्चा** एउटा स्वतन्त्र, स्वायत्त र अविछिन्न राजनीतिक, सामाजिक-सांस्कृतिक संगठन हुनेछ ।

**धारा–४ : सैद्धान्तिक मान्यता र उद्देश्यहरू –**

१. मार्क्सवाद-लेनिनवाद–माओवाद यस **संयुक्त मोर्चा**को सैद्धान्तिक आधार हुनेछ ।

२. मुलुकको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताको रक्षाका लागि लड्ने,

३ सर्वहारा तथा श्रमजीवी वर्गीय चिन्तन एवं हितलाई केन्द्रमा राख्दै सम्पूर्ण देशभक्त, प्रगतिशील, जनवादी, तथा वामपन्थी आदिवासी जनजातिहरूलाई संगठित एवं एकताबद्ध गर्ने,

४. आदिवासी/जनजातिहरूमा वर्गीय चिन्तन तथा क्रान्तिकारी विचारको प्रचार-प्रसार गर्ने र वर्गीय चेतना जगाउने,
५. नेपाललाई समृद्ध बनाउने र नेपाली क्रान्तिलाई सम्पन्न गर्ने कार्यमा सक्रिय सहयोग पुऱ्याउने,
६. नेपालमा सामन्तवादी, एकात्मक ब्राह्मणबादी चिन्तन/पवृतिको अन्त्य गर्न र जातिय समतामूलक संघीय प्रणालीको संस्थागत विकास गर्नका लागि प्रयत्नशील रहने,
७. जातिहरूको आत्म-निर्णयको अधिकारको सिद्धान्तलाई स्वीकार गर्दै जाति, भाषा, संस्कृति, र क्षेत्रको आधारमा स्वायत्त-शासनको अभ्यास तथा संघीय एकाइ निर्माणका लागि संघर्ष गर्ने,
८. राज्यको अग्रगामी पुनर्संरचना र सबै अंग एवं तहहरूमा जातीय जनसंख्याको आधारमा समानुपातिक तथा समावेशी प्रतिनिधित्वका लागि क्रियाशील रहने,
९. आदिवासी/जनजातिहरूका विरूद्ध भैरहेका सबै खाले उत्पीडन, शोषण, दमन, विभेद र असमानताहरूको अन्त्य तथा समान अधिकार एवं अवसरका लागि संघर्ष गर्ने,
१०. आदिवासी/जनजातिहरूका भाषा, सँस्कृतिहरूको संरक्षण एवं सम्वर्द्धनका लागि प्रयत्नशील रहने,
११. आदिवासी/जनजाति समाजमा विद्यमान पुराना रूढिवादी सोंच, चिन्तन, परम्परा, कुरीति एवं कुसंस्कार, उच्छृंखल र छाडा संस्कृतिहरू हटाई वैज्ञानिक एवं प्रगतिशील सँस्कारहरूको सम्वर्द्धन गर्ने,

१२. अतिसीमान्तकृत तथा लोपोन्मुख जाति, समुदायहरूको पहिचान गरी तिनीहरूको संरक्षण र हक-अधिकार तथा भाषा, सँस्कृतिको विकासका लागि प्रयत्नशील रहने,

१३. जल, जमीन, जंगललगायत प्राकृतिक श्रोत-साधनहरूमाथि आदिवासी/जनजातिहरूको अग्राधिकार स्थापित गर्न संघर्ष गर्ने,

१४. धर्मनिरपेक्षताको भावना एवं मर्मअनुसार राज्यका नीति एवं ऐन-कानूनहरूको निर्माण तथा कार्यान्वयनका लागि प्रयत्नशील रहने,

१५. राज्यद्वारा स्वीकृत बहुभाषिक नीतिको अवलम्बन, मातृभाषामा शिक्षा तथा पठन-पाठनको व्यवस्था एवं प्रादेशिक कामकाजको भाषाको लागि संघर्ष गर्ने,

१६. आदिवासी/जनजातिहरूको परम्परागत ज्ञान तथा सीप, कला, सामूहिक अधिकार, प्रथाजन्य कानून, बौद्धिक सम्पत्ति तथा अन्य अधिकारहरूको संरक्षण, सम्बर्द्धन र कार्यान्वयनका लागि प्रयत्नशील रहने,

१७. आदिवासी/जनजातिहरूको राजनीतिक, आर्थिक, कूटनीतिक, प्रशासनिक, सामाजिक, भाषिक, शैक्षिक, सांस्कृतिकलगायत समग्र क्षेत्रमा संस्थागत विकास गर्नका लागि केन्द्रमा आदिवासी/जनजाति मन्त्रालय (Ministry of Indigenous Nationalities) र प्रदेश तथा स्थानीय तहमा आदिवासी/जनजाति विभाग गठन गर्न/गराउन प्रयत्नशील रहने,

१८. आदिवासी/जनजातिहरूको धर्म, भाषा, साहित्य, कला, सँस्कृति, इतिहास, भूगोल, रीति-रिवाज, रहन-सहन, सीप, प्रविधि आदिको अध्ययन, अनुसन्धान गरी तिनीहरूको संरक्षण, सम्वर्द्धन, प्रचार-प्रसार र विकास

गर्न एक आदिवासी/जनजाति विश्वविद्यालय गठन गर्न प्रयासरत रहने,

१९. आदिवासी/जनजातिहरूको भाषा, धर्म, सँस्कृति, इतिहास, रीति-रिवाज, परम्परा आदिसम्बन्धी महत्वपूर्ण ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, र सामाजिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धनका लागि आदिवासी/जनजाति संग्रहालय (Museum of Indigenous Nationalities) स्थापना गर्न क्रियाशील रहने,

२०. नेपालमा रहेका सबै आदिवासी/जनजातिहरूका सामाजिक परम्परा र मूल्य-मान्यताहरू, रहन-सहन, रीति-रिवाज, जीवनशैलीको प्रत्यक्ष प्रदर्शन गरिने एउटा प्रदर्शनी-स्थलको रूपमा आदिवासी जनजातिहरूको सांस्कृतिक ग्राम (Cultural Village of Indigenous Nationalities) स्थापना गर्न प्रयत्नशील रहने,

२१. आदिवासी/जनजातिहरुको परम्परागत कानून र अभ्यासहरूको सम्मान र संरक्षणका लागि आदिवासी/जनजाति अदालतको गठन गर्न प्रयत्नशील रहने,

२२. मजदूर, किसान तथा अन्य समुदायका गरीब एवं सर्वहाराहरूसँग घनिष्ठ एवं मैत्रीपूर्ण सम्बन्ध राख्ने र तिनीहरूसँग सहकार्यका लागि प्रयत्नशील रहने,

२३. विभिन्न वर्ग तथा पेशागत समुदायहरूका न्यायपूर्ण एवं जायज संघर्ष तथा माँगहरूलाई समर्थन गर्ने,

२४. आदिवासी/जनजातिहरूको हक-हित तथा मुक्तिका लागि गठित अन्य संगठनहरूसँग सहकार्य गर्दै अघि बढ्ने,

२५. UNDRIP (United Nations Declaration on the Rights of the Indigenous Peoples), ILO (Inernational Labour Organization) Convention – 169, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध, जैविक विविधतासम्बन्धि राष्ट्रसंघीय महासन्धिलगायत आदिवासी/जनजातिसम्बन्धि अन्तर्राष्ट्रिय सन्धि-महासन्धिहरूलाई पारित, अनुमोदन एवं कार्यान्वयन गर्न/गराउन प्रयास गर्ने,

२६. मुलुकमा आत्मनिर्भर तथा औद्योगिक अर्थतन्त्रको विकासमा जोड दिने,

२७. देशी/विदेशी सबै खाले प्रतिक्रियावादको विरोध गर्ने,

२८. नेपालमाथि भैरहेको सबै खाले वैदेशिक हस्तक्षेप तथा उत्पीडनको विरोध गर्ने,

२९. विश्वमा चलिरहेका क्रान्तिकारी युद्धहरू तथा जातीय/राष्ट्रिय मुक्ति आन्दोलनहरूलाई समर्थन गर्ने र तिनीहरूप्रति ऐक्यबद्धता जाहेर गर्ने,

३०. समान विचार तथा उद्देश्य भएका अन्तर्राष्ट्रिय मोर्चा-संस्थाहरूसँग भाइचारा सम्बन्ध कायम राख्दै सर्वहारा अन्तर्राष्ट्रियतावादतर्फ बढ्ने,

३१. नेपालमा पूँजीवादी जनवादी क्रान्तिका बाँकी कार्यभारहरूलाई पूरा गर्दै समाजवाद हुदै साम्यवाद प्राप्तिको मार्गमा अग्रसर बन्ने ।

## भाग–३
## सदस्यता

**धारा–५ : सदस्यता –**

(१) यस **संयुक्त मोर्चा**को विधान, घोषणा-पत्र, नीति र कार्यक्रम स्वीकार गर्ने नेपालका आदिवासी/जनजातिहरूका जातीय मोर्चाहरूले **संयुक्त मोर्चा**को सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(२) **सदस्यता प्राप्ति :**

(क) केन्द्रीय समितिले दफा-१ अनुसारको योग्यता पुगेका जातीय मोर्चालाई सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) कुनै व्यक्ति वा संस्थालाई आदिवासी जनजातिको लागि पुऱ्याएको/पुऱ्याउने योगदानको आधारमा केन्द्रीय समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) जातीय घटक मोर्चाको सदस्यता लिई **संयुक्त मोर्चा**को कुनै पनि तहको सदस्यमा निर्वाचित वा मनोनित सदस्यलाई **संयुक्त मोर्चा**को सदस्य मानिनेछ ।

(३) सबै घटक मोर्चाहरूले **संयुक्त मोर्चाको** अन्तरिम विधानलाई निःशर्त पालन गर्नुपर्नेछ ।

**धारा–६ : सदस्यताको किसिम –** सदस्यताको किसिम देहायबमोजिम हुनेछन् :

(१) संस्थागत सदस्य

(२) मानार्थ सदस्य

**धारा–७ : सदस्यता शुल्क –**

(१) प्रत्येक घटक मोर्चाले प्रारम्भमा सदस्यता शुल्क बापत रू. ३,०००/- बुझाउनु पर्नेछ ।

(२) मानार्थ सदस्यको हकमा केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

**धारा–८ : सदस्यता नवीकरण –** सबै घटक (संस्थागत) सदस्यहरूले प्रत्येक वर्ष रू. २,०००/- तिरी सदस्यता नवीकरण गर्नु पर्नेछ ।

**धारा–९: सदस्यताको समाप्ति –** देहायको अवस्थामा कुनै पनि किसिमको सदस्यता समाप्त हुनेछ :

(१) व्यक्तिको हकमा देहायको अवस्थामा सदस्यता समाप्त हुनेछ –

(क) राजीनामा स्वीकृत भएमा,

(ख) मृत्यु भएमा वा मगज बिग्रेमा, र

(ग) विधानबमोजिम अनुशासनको कार्वाहीमा परी निष्काशित भएमा ।

(२) घटक मोर्चाको हकमा देहायको अवस्थामा सदस्यता समाप्त हुन सक्नेछ –

(क) तोकिएको समयमा सदस्यता नवीकरण नगरेमा, र

(ख) आफ्नो विधानबमोजिम गठन भएको घटक मोर्चाहरू भएता पनि **संयुक्त मोर्चा**को विधानलाई मान्नु पर्ने दायित्वको कारण **संयुक्त मोर्चा**को विधानलाई नमान्ने घटक मोर्चाको सदस्यता समाप्त हुनेछ ।

## भाग–४

## संगठनात्मक सिद्धान्त, पद्धति र ढाँचा

**धारा–१० : संगठन संचालन सिद्धान्त र पद्धति –** संगठन संचालन सिद्धान्त र पद्धति जनतान्त्रिक विधिअनुसार देहायबमोजिम हुनेछन् :

(१) **संयुक्त मोर्चा**का सम्पूर्ण समितिहरू, पदाधिकारीहरू तथा सदस्यहरू केन्द्रीय समितिको मातहतमा रहनेछन् ।

(२) सम्पूर्ण तल्लो समिति माथिल्लो समितिको, अल्पमत बहुमतको अधीनस्थ रहनेछन् । तर यथाशक्य सर्वसम्मत र सहमतीय प्रणालीको आधारमा चल्ने प्रयत्न गरिनेछ ।

(३) केन्द्रीय समिति राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(४) बैठकको गणपूरक संख्या साधारण बहुमत हुनेछ र साथै बैठकको निर्णय साधारण बहुमतबाट हुनेछ ।

(५) सम्पूर्ण घटक मोर्चाहरू **संयुक्त मोर्चा**को केन्द्रीय समितिको अधीनस्थ रहनेछन् ।

**धारा–११ : संगठनात्मक ढाँचा–संयुक्त मोर्चा**को संगठनात्मक ढाँचा देहायबमोजिम हुनेछ -

(१) राष्ट्रिय महाधिवेशन

(२) केन्द्रीय समिति

(३) प्रादेशिक समिति

(४) जिल्ला समन्वय समिति

(५) महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका समिति । (यी समितिहरूले आवश्यकताअनुसार वडा समितिहरू बनाउन सक्नेछन् ।)

## भाग–५
## महाधिवेशन र अधिवेशन

**धारा–१२ : महाधिवेशन र अधिवेशन –** राष्ट्रिय महाधिवेशन **संयुक्त मोर्चा**को सर्वोच्च निकाय हुनेछ । राष्ट्रिय महाधिवेशन तथा प्रदेश र स्थानीय अधिवेशनहरू देहायबमोजिम हुनेछन् –

(१) राष्ट्रिय महाधिवेशनको आयोजना प्रत्येक ४ (चार) वर्षमा गरिनेछ। तर ठोस कार्यसूची र उचित कारण देखाई २/३ प्रादेशिक समितिहरू, जिल्ला समन्वय समितिहरू र घटक मोर्चाहरूको बहुमतले लिखित रूपमा माग गरेमा मागपत्र केन्द्रीय समितिमा दर्ता भएको मितिले ६ महिनाभित्र विशेष राष्ट्रिय महाधिवेशन आयोजना गर्नु पर्नेछ ।

(२) घटक मोर्चा तथा प्रदेश समितिका अधिवेशनहरू प्रत्येक ३ (तीन) वर्षमा हुनेछन् ।

(३) जिल्ला तथा सोभन्दा तल्ला समितिका अधिवेशनहरू प्रत्येक ३ (तीन) वर्षमा गरिनेछ । विशेष परिस्थितिमा भने एक तह माथिल्लो समितिको अनुमतिमा सबै समितिका अधिवेशनहरू निश्चित समयभन्दा अघि वा पछि पनि आयोजना हुन सक्नेछन् ।

**धारा–१३ : महाधिवेशनमा प्रतिनिधित्व –**

(१) राष्ट्रिय महाधिवेशनमा प्रतिनिधित्व देहायबमोजिम हुनेछ –

(क) आयोजक सबै

(ख) प्रदेश समितिहरूबाट देहायबमोजिम प्रतिनिधित्व हुनेछ –

(अ) प्रदेश नं. १ बाट कम्तिमा ४ महिलासहित ११

जना

(आ) प्रदेश नं.२ बाट कम्तिमा २ महिलासहित ७ जना जना ।

(इ) बागमती प्रदेशबाट कम्तिमा ४ महिलासहित १३ जना

(ई) गण्डकी प्रदेशबाट कम्तिमा ३ महिलासहित १० जना

(उ) लुम्बिनी प्रदेशबाट कम्तिमा ३ महिलासहित १० जना

(ऊ) कर्णाली प्रदेशबाट कम्तिमा २ महिलासहित ७ जना

(ए) सुदूर पश्चिम प्रदेशबाट कम्तिमा २ महिलासहित ७ जना

(ग) प्रत्येक जिल्ला समितिबाट २ महिलासहित ५ जना

(घ) घटक मोर्चाहरूमध्येबाट देहायअनुसार प्रतिनिधित्व हुनेछ –

(१) १० लाखभन्दा बढी जनसंख्या हुने जातीय घटक मोर्चाबाट १५ जना

(२) ७ देखि १० लाखसम्म जनसंख्या हुने घटक मोर्चाबाट ११ जना

(३) ५ देखि ७ लाखसम्म जनसंख्या हुने जातीय घटक मोर्चाबाट ९ जना

(४) २.५ देखि ५ लाखसम्म जनसंख्या हुने जातीय घटक मोर्चाबाट ७ जना

(५) १ देखि २.५ लाखसम्म जनसंख्या हुने घटक मोर्चाबाट ५ जना

(६) ५०,००० देखि १ लाखसम्म जनसंख्या हने घटक मोर्चाबाट ३ जना

(७) ५०,००० भन्दा कम जनसंख्या हुने जातीय घटक मोर्चाबाट २ जना

(नोट : यसरी प्रतिनिधि छान्दा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।)

(८) प्रत्येक केन्द्रीय विभागबाट १ जना

(२) प्रदेश अधिवेशनमा प्रतिनिधित्व देहायबमोजिम हुनेछ –

(क) आयोजक सबै

(ख) प्रत्येक जिल्ला समितिबाट २ महिलासहित ५ जना

(घ) प्रदेशमा रहेका घटक मोर्चाहरूमध्येबाट देहायअनुसार प्रतिनिधित्व हुनेछ –

(१) ५ लाखभन्दा बढी जनसंख्या हुने जातीय घटक मोर्चाबाट १५ जना

(२) २ देखि ५ लाखसम्म जनसंख्या हुने जातीय घटक मोर्चाबाट ९ जना

(३) १ देखि २ लाखसम्म जनसंख्या हुने जातीय घटक मोर्चाबाट ७ जना

(४) ५०,००० देखि १ लाखसम्म जनसंख्या हुने घटक मोर्चाबाट ५ जना

(५) ५०,००० भन्दा कम जनसंख्या हुने जातीय

घटक मोर्चाबाट ३ जना

(नोट : यसरी प्रतिनिधि छान्दा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।)

(६) प्रत्येक प्रादेशिक विभागबाट १ जना

(३) जिल्ला अधिवेशनमा प्रतिनिधित्व देहायबमोजिम हुनेछ –

(क) आयोजक सबै

(ख) प्रत्येक महानगरपालिका समितिबाट कम्तिमा ३ महिलासहित ९ जना

(ग) प्रत्येक उप-महानगरपालिका समितिबाट कम्तिमा २ महिलासहित ७ जना

(घ ) प्रत्येक नगरपालिका समितिबाट कम्तिमा २ महिलासहित ५ जना

(ङ) प्रत्येक गाउँपालिका समितिबाट २ महिलासहित ५ जना

(च) जिल्लामा रहेका जातीय घटक मोर्चाहरूमध्येबाट देहायअनुसार प्रतिनिधित्व हुनेछ –

१. १ लाखभन्दा बढी जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट १० जना

२. ७५,००० देखि १ लाख जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ९ जना

३. ५०,००० देखि ७५,००० जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ८ जना

४. २५,००० देखि ५०,००० जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चा बाट ५ जना

५. १०,००० देखि २५,००० जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चा बाट ३ जना

६. १०,००० भन्दा कम जनसंख्या हुने प्रत्येक जातीय

घटक मोर्चा बाट २ जना

(नोट : यसरी प्रतिनिधि छान्दा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।)

७. प्रत्येक जिल्ला विभागबाट १ जना ।

(४) महानगरपालिका अधिवेशनमा देहायबमोजिम प्रतिनिधित्व हुनेछ :–

(क) आयोजक सबै

(ख) प्रत्येक वडा समितिबाट ३ महिलासहित ७ जना

(ग) महानगरपालिका क्षेत्रमा रहेका जातीय घटक मोर्चाहरूमध्येबाट देहायअनुसार प्रतिनिधित्व हुनेछ –

१. ५०,००० भन्दा बढी जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट १५ जना

२. २५,००० देखि ५०,००० जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट १० जना

३. १०,००० देखि २५,००० जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ५ जना

४. १,००० देखि १०,००० सम्म जनसंख्या भएका प्रत्येक जातीय घटक मोर्चाबाट ३ जना

५. १,००० भन्दा कम जनसंख्या भएका प्रत्येक जातीय घटक मोर्चाबाट २ जना

(नोट : यसरी प्रतिनिधि छान्दा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।)

६. महानगरपालिका समितिको प्रत्येक विभागबाट १ जना

(५) उप-महानगरपालिका अधिवेशनमा देहायबमोजिम प्रतिनिधित्व हुनेछ –

(क) आयोजक सबै

(ख) प्रत्येक वडा समितिबाट कम्तिमा ३ महिलासहित ७ जना

(ग) उप-महानगरपालिका क्षेत्रमा रहेका जातीय घटक मोर्चाहरूमध्येबाट देहायअनुसार प्रतिनिधित्व हुनेछ –

१. ४०,००० भन्दा बढी जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ११ जना

२. ३०,००० देखि ४०,००० जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ९ जना

३. २०,००० देखि ३०,००० जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ७ जना

४. १०,००० देखि २०,००० सम्म जनसंख्या भएका प्रत्येक जातीय घटक मोर्चाबाट ५ जना

५. ५,००० देखि १०,००० सम्म जनसंख्या भएका प्रत्येक जातीय घटक मोर्चाबाट ३ जना

६. ५,००० भन्दा कम जनसंख्या भएका प्रत्येक जातीय घटक मोर्चाबाट २ जना

(नोट : यसरी प्रतिनिधि छान्दा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।)

७. उप-महानगरपालिका समितिको प्रत्येक विभागबाट १ जना

(६) नगरपालिका अधिवेशनमा देहायबमोजिम प्रतिनिधित्व हुनेछ –

(क) आयोजक समिति सबै

(ख) प्रत्येक वडा समितिबाट कम्तिमा २ महिलासहित ७ जना

(ग) नगरपालिका क्षेत्रमा क्रियाशील रहेका जातीय घटक मोर्चाहरूमध्येबाट देहायअनुसार प्रतिनिधित्व हुनेछ –

१. २५,००० भन्दा बढी जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ९ जना

२. १५,००० देखि २५,००० सम्म जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ७ जना

३. ७,००० देखि १५,००० सम्म जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ५ जना

४. ३,००० देखि ७,००० सम्म जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट ३ जना

५. ३,००० भन्दा कम जनसंख्या हुने जातीय घटक मोर्चाबाट २ जना

(नोट : यसरी प्रतिनिधि छान्दा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।)

(६) नगरपालिका समितिको प्रत्येक विभागबाट १ जना ।

(७) गाउँपालिका अधिवेशनमा देहायबमोजिम प्रतिनिधित्व हुनेछ –

(क) आयोजक समिति सबै

(ख) प्रत्येक वडा समितिबाट २ महिलासहित ६ जना

(ग) गाउँपालिका क्षेत्रमा क्रियाशील रहेका जातीय घटक मोर्चाहरूमध्येबाट देहायअनुसार प्रतिनिधित्व हुनेछ –

१. १०,००० भन्दा बढी जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट २ महिलासहित ५ जना

२. ५,००० देखि १०,००० सम्म जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट २ महिलासहित ४ जना

३. २,००० देखि ५,००० सम्म जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट १ महिलासहित ३ जना

४. २,००० कम जनसंख्या हुने प्रत्येक जातीय घटक मोर्चाबाट १ महिलासहित २ जना

(नोट : यसरी प्रतिनिधि छान्दा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।)

(५) गाउँपालिका समितिको प्रत्येक विभागबाट १ जना ।

(८) वडा अधिवेशनमा देहायबमोजिम प्रतिनिधित्व हुनेछ –

(क) आयोजक सबै

(ख) वडामा क्रियाशील रहेका जातीय घटक मोर्चाका सबै सदस्यहरू

(ग) **संयुक्त मोर्चाका** सबै व्यक्तिगत सदस्यहरू

(घ) आवश्यकताअनुसार वडा समितिअन्तर्गत गठित गाउँ/टोल समितिका सदस्यहरू

(९) यसरी प्रतिनिधित्व गराउँदा राष्ट्रिय महाधिवेशनमा १०% र अन्य प्रत्येक तहको अधिवेशनमा आयोजक समितिद्वारा निर्वाचित प्रतिनिधि संख्याको ५% सम्म प्रतिनिधि मनोनित गर्न सकिनेछ ।

(१०) प्रत्येक तहको अधिवेशन वा महाधिवेशनको प्रतिनिधि संख्यामा र हरेक समितिमा कम्तिमा १/३ महिला हुनुपर्नेछ ।

(११) घटक मोर्चाहरूको महाधिवेशन वा अधिवेशनहरू **संयुक्त मोर्चा**को विधानमा नबाझिने गरी गर्नुपर्नेछ ।

**धारा–१४: राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार –** राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् –

(१) राष्ट्रिय महाधिवेशन संचालन गर्न बढीमा ९ जनाको एउटा अध्यक्ष-मण्डलको चयन गर्ने,

(२) केन्द्रीय समितिद्वारा प्रस्तुत विधान, राजनीतिक, सांगठनिक तथा आर्थिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने,

(३) राष्ट्रिय महाधिवेशनको निर्वाचन प्रयोजनका लागि निर्वाचन समिति गठन गर्ने,

(४) नयाँ केन्द्रीय समितिको निर्वाचन गर्ने ।

(५) नयाँ केन्द्रीय समितिको निर्वाचन नहोउन्जेल पुरानो समिति कामचलाउ रूपमा रहिरहनेछ ।

**धारा–१५ : स्थानीय अधिवेशनका काम, कर्तव्य र अधिकार –**

(१) अधिवेशन संचालन गर्न अध्यक्ष-मण्डलको गठन गर्ने,

(२) आफ्नो तहको समितिद्वारा प्रस्तुत राजनीतिक, सांगठनिक र आर्थिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

(३) आफ्नो तहको अधिवेशनमा निर्वाचन गराउन निर्वाचन समिति गठन गर्ने, र

(४) हरेक तहको अधिवेशनले आफ्नो तहको नयाँ समिति निर्वाचन गर्ने ।

(**नोट :** नयाँ समिति निर्वाचित भएपछि मौजुदा समिति स्वतः विघटित हुनेछ ।)

(५) **“स्थानीय”** भन्नाले महानगरपालिका, उप-महानगरपालिका,नगरपालिका र गाउँपालिका भन्ने बुझाउँदछ ।

**धारा–१६ : समितिको सदस्य संख्या –** केन्द्र, प्रदेश, जिल्ला र स्थानीय समितिहरूमा देहायबमोजिम सदस्य रहनेछन्–

(१) केन्द्रीय समितिमा आदिवासी/जनजातिको घटक मोर्चाको अध्यक्ष पदेन सदस्य हुने गरी सामान्यतया १७५ सदस्य रहनेछन् । यसरी समिति गठन गर्दा –

प्रदेश नं. १ बाट कम्तिमा ९ महिलासहित २८ जना, प्रदेश नं. २ बाट कम्तिमा ५ महिलासहित १५ जना, बागमती प्रदेशबाट कम्तिमा १० महिलासहित ३२ जना, गण्डकी प्रदेशबाट कम्तिमा ७ महिलासहित २१ जना, लुम्बिनी प्रदेशबाट कम्तिमा ७ महिलासहित २१ जना, कर्णाली प्रदेशबाट कम्तिमा ५ महिलासहित १४ जना, सुदूर पश्चिम प्रदेशबाट कम्तिमा ५ महिलासहित १४ जना, र खुल्ला ३० सदस्य निर्वाचित हुनेछन् ।

(२) प्रदेश समितिमा सामान्यतया त्यस भूगोलभित्र बसोबास गर्ने आदिवासी/जनजातिको घटक मोर्चाको अध्यक्ष पदेन सदस्य हुने गरी बढीमा ७५ जनासम्म रहन सक्नेछन् ।

(३) जिल्ला समन्वय समितिमा सामान्यतया त्यस जिल्लाभित्र बसोबास गर्ने आदिवासी/जनजातिको घटक मोर्चाको अध्यक्ष पदेन सदस्य हुने गरी बढीमा ४५ जनासम्म रहन सक्नेछन् ।

(४) महानगरपालिका समितिमा ३५ जना, उप-महानगरपालिका समितिमा ३१ जना, नगरपालिका समितिमा २५ र गाउँपालिका समितिमा २१ जनासम्म सदस्य रहनेछन् ।

(५) केन्द्रीय समितिले बढीमा १५% र अन्य तह र घटक मोर्चाको निर्वाचित समितिले बढीमा १०% सदस्य मनोनित गर्न सक्नेछन् तर सो मनोनयनलाई माथिल्लो समितिले अनुमोदन गर्नुपर्नेछ ।

## भाग–६
## समितिको काम, कर्तव्य र अधिकार

**धारा–१७ : केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार –** केन्द्रीय समिति **संयुक्त मोर्चाको** दुई महाधिवेशनको बीचमा सर्वोच्च अङ्ग हुनेछ। यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ। केन्द्रीय समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् –

(१) केन्द्रीय समितिले आफूमध्येबाट अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष ७, महासचिव १, उप-महासचिव १, सचिव ७ र कोषाध्यक्ष १ को चयन गर्नेछ । यसरी चयन गर्दा घटक मोर्चा वा मातहतका समितिका पदाधिकारी तथा सदस्यहरू **संयुक्त मोर्चा**को केन्द्रीय समिति सदस्यमा उम्मेदवार बनेपछि निजहरूको सम्बन्धित समिति वा घटक मोर्चाको पद स्वतः रिक्त हुनेछ । पदेन केन्द्रीय सदस्य भएका घटक मोर्चाका अध्यक्षहरूले **संयुक्त मोर्चा**को पदाधिकारीमा उम्मेदवारी दिएमा सम्बन्धित घटक मोर्चाको अध्यक्ष पद स्वतः रिक्त हुनेछ । अध्यक्षको हैसियतले केन्द्रीय समितिमा प्रतिनिधित्व गरिएको हुँदा यदि पदाधिकारी निर्वाचित हुन नसकेमा केन्द्रीय समितिको सदस्य पनि स्वतः समाप्त हुनेछ । घटक मोर्चाका कार्यवाहक अध्यक्षहरूलाई चुन्ने र चुनिने अधिकार हुने छैन ।

(२) केन्द्रीय तहमा तोकिएबमोजिमका विभागहरू गठन गर्ने, आवश्यकताअनुसार आयोग, कार्यदल गठन गर्ने र त्यसको अधिकार र कर्तव्य तोक्ने,

(३) आवश्यकताअनुसार आफ्नो तहको समिति संख्याको ५०% ननाघ्नेगरी केन्द्रीय सल्लाहकार समिति गठन गर्ने,

(४) केन्द्रीय तहमा मानार्थ सदस्यहरू पनि रहन सक्ने एक विद्वत्/विज्ञ सभा गठन गर्ने,

(५) राष्ट्रिय महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्न कार्य योजनाहरू बनाउने,

(६) केन्द्रीय मुखपत्रलगायत आवश्यक सामग्रीहरूको सम्पादन तथा प्रकाशन गर्ने र त्यसको बिक्री-वितरणको व्यवस्था गर्ने,

(७) **संयुक्त मोर्चा**को कोषको व्यवस्था र सञ्चालन गर्ने,

(८) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बन्धुत्वपूर्ण तथा मित्रतापूर्ण दुई/बहुपक्षीय सम्पर्क र सम्बन्ध स्थापित गर्ने,

(९) तल्ला समितिहरूको कामको सुपरीवेक्षण र अनुगमन गर्ने तथा त्यहाँका समस्याहरूमा **संयुक्त मोर्चा**को आधिकारिक निर्णय दिने,

(१०) **संयुक्त मोर्चा**का सामु उत्पन्न विभिन्न सवालहरू तथा समस्याहरूमा **संयुक्त मोर्चा**को आधिकारिक निर्णय दिने,

(११) आवश्यकताअनुसार तोकिएको प्रक्रियाअनुरूप मानार्थ वा संस्थागत सदस्यता प्रदान गर्ने,

(१२) मातहतका समितिहरूलाई लेवी तोक्ने,

(१३) विधानबमोजिम केन्द्रीय समितिमा बढीमा १५% सदस्यहरू मनोनित गर्ने,

(१४) संयुक्त मोर्चाको केन्द्रीय समितिमा महिला प्रतिनिधित्व ५० प्रतिशत पुऱ्याउन निरन्तर पहल गर्ने,

(१५) वार्षिक कार्ययोजना निर्माण गर्ने, त्यसको कार्यान्वयनको लागि बजेट पारित गरी कार्यान्वयन गर्ने,

(१६) वार्षिक लेखा-परीक्षण गराउने र त्यसको प्रतिवेदन महाधिवेशनमा पारित गराउने,

(१७) समितिको कूल सदस्य संख्याको १/३ नबढाई सचिवालय गठन गर्ने

(१८) केन्द्रीय समितिको कुनै सदस्यले राजीनामा गरेमा वा असक्त भएमा वा असाध्य रोग लागेमा वा निधन भएमा वा अनुशासनको कार्वाहीमा परी निष्काशित भएमा वा कुनै कारणले कुनै पद रिक्त हुन आएमा सो पद पूर्ति गर्ने,

(१९) केन्द्रीय समितिका सदस्यहरूको कार्य विभाजन वा क्षेत्र विभाजन र स्थानान्तरण गर्ने,

(२०) केन्द्रीय समिति, सल्लाहकार समितिका पदाधिकारी र सदस्यहरूको राजिनामा स्वीकृत गन,

(२१) विभागीय प्रमुख र सचिवहरूको चयन गर्ने,

(२२) प्रत्येक जातीय घटक मोर्चाहरूलाई संस्थागत सदस्यता प्रदान गरी आवद्ध (Affiliated) गराउने,

(२३) मोर्चाहरूको कामको अनुगमन, मूल्याङ्कन गर्ने र निर्देशन दिने,

(२४) घटक मोर्चाहरूसँग समन्वय गरी सद्भावपूर्ण सम्बन्धको विकास गर्न प्रयत्नशील रहने,

(२५)घटक मोर्चाहरूलाई नीतिगत निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने,

(२६) राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने,

(२७) विधानमा तोकिएबमोजिमका अन्य कामहरू गर्ने ।

**धारा–१८ : केन्द्रीय सचिवालयको काम, कर्तव्य र अधिकार –** केन्द्रीय सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् –

(१) केन्द्रीय कार्यालय संचालन गर्ने,

(२) केन्द्रीय स्तरबाट तयार गरिनु पर्ने कार्ययोजना वा कार्यक्रमको तर्जुमा गर्ने,

(३) कुनै समसामयिक विषयहरूमा **संयुक्त मोर्चा**को विचार वा अडान सार्वजनिक रूपमा राख्न आवश्यक पर्ने भएमा सो गर्ने,

(४) केन्द्रीय सचिवालयले गरेका निर्णयहरू केन्द्रीय समितिबाट अनुमोदन गराउने,

(५) सचिवालयले गर्नुपर्ने भनी केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**धारा–१९ : प्रदेश समितिको गठन –** हरेक प्रदेश स्तरमा अधिवेशनद्वारा प्रदेश समिति गठन हुनेछ । समितिको गठन देहायबमोजिम हुनेछ :

(१) प्रदेशभित्र गठन भएका जातीय घटक मोर्चाहरूको अध्यक्ष पदेन हुने गरी बढिमा ७५ जनासम्मको प्रदेश समिति बनाउन सकिनेछ ।

(२) निर्वाचित प्रदेश समितिमा अध्यक्ष १, उपाध्यक्ष ३, सचिव १, उप-सचिव ३, कोषाध्यक्ष १ रहनेछन् ।

(३) निर्वाचित समितिले केन्द्रीय समितिको अनुमतिमा १०% सदस्य मनोनित गर्न सक्नेछ ।

**धारा–२० : प्रदेश समितिको काम, कर्तव्य र अधिकार –**

(१) नियमित रूपमा आफ्नो बैठक बस्ने र कार्यालय संचालन गर्ने,

(२) केन्द्रीय समितिका निर्देशन, निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(३) प्रदेश समितिले विदेश र स्कुलिङ विभागबाहेक अन्य आवश्यक विभागहरू गठन गर्ने र आवश्यकताअनुसार कार्यदलहरू गठन गर्ने,

(४) आफ्नो तहको सल्लाहकार समिति गठन गर्न सक्ने, यसरी समिति गठन गर्दा आफ्नो समिति संख्याको ५०% ननाघ्ने गरी गर्नुपर्नेछ ।

(५) आफ्नो कार्यक्षेत्रभित्र प्रशिक्षणको व्यवस्था गर्ने, समसामयिक रुपमा कार्यकर्ता भेलाहरूको आयोजना गर्ने,

(६) समितिको कुल सदस्य संख्याको एक-तिहाइ नबढ्ने गरी सचिवालय गठन गरी सञ्चालन गर्ने,

(७) प्रदेश समितिका कुनै सदस्यले राजीनामा गरेमा वा असक्त भएमा वा असाध्य रोग लागेमा वा निधन भएमा वा अनुशासनको कार्वाहीमा परी निष्काशित भएमा वा कुनै कारणले कुनै पद रिक्त हुन आएमा सो पद पूर्ति गर्ने,

(८) आफ्नो समितिमा पदाधिकारी र सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी तोक्ने,

(९) आफ्नो समिति र सल्लाहकार समितिका पदाधिकारी र सदस्यको राजीनामा स्वीकृत गरी अनुमोदनको लागि केन्द्रीय समितिमा पठाउने,

(१०) आफ्नो समितिको कोषको व्यवस्था गर्ने,

(११) प्रादेशिक मुखपत्र लगायत अन्य आवश्यकीय सामाग्रीहरुको प्रकाशन गर्ने र बिक्री-वितरण गर्ने,

(१२) वार्षिक कार्ययोजना निर्माण गर्ने, बजेट बनाई कार्यान्वयन गर्ने,

(१३) वार्षिक बजेटको लेखा-परीक्षण गराउने र त्यसको अभिलेख राख्ने,

(१४) जिल्लाहरूमा सुपरीवेक्षण, अनुगमन र जिल्ला समन्वय समितिको कामको मूल्याङ्कन गरी आवश्यक निर्देशन जारी गर्ने,

(१५) जिल्ला समन्वय समितिलाई लेवी तोक्ने,
(१६) आफ्नो प्रदेशको कामको संयोजन र समन्वय गर्ने,
(१७)आफ्नो तहको अधिवेशनको आयोजना गर्ने,
(१८) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**धारा–२१ : जिल्ला समन्वय समितिको गठन –** हरेक जिल्ला स्तरमा अधिवेशनद्वारा जिल्ला समन्वय समिति गठन हुनेछ । समितिको गठन देहायबमोजिम हुनेछ –

(१) सम्बन्धित जिल्लाका प्रत्येक जातीय घटक मोचाका जिल्ला समितिका अध्यक्षहरू पदेन हुने गरी बढिमा ४५-सदस्यीय जिल्ला समिति गठन हुनेछ,
(२) जिल्ला समिति गठन गर्नका लागि न्यूनतम तीनवटा जातीय घटक मोर्चाका जिल्ला समितिहरू गठन भएको हुनुपर्नेछ तर ३ वटाभन्दा कम जातीय समुदायहरू बसोबास भएको जिल्लाको हकमा माथिल्लो समितिको स्वीकृतिमा अधिवेशन गर्न सकिनेछ ।

**धारा–२२ : जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार –** जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्,-

(१) समितिका पदाधिकारीहरूको कार्यक्षेत्र तथा जिम्मेवारी विभाजन गरी तोक्ने,
(२) आफ्नो समितिको कूल सदस्य संख्याको १/३ नबढाई सचिवालय गठन गर्ने,
(३) नियमित रूपमा बैठक बस्ने, कामको योजना बनाउने र सोको कार्यान्वयन गर्ने,
(४) माथिल्लो समितिका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

(५) **संयुक्त मोर्चा**का प्रकाशनहरू समुचित ढंगले वितरण गर्ने एवं आफ्नो तहको मुखपत्र प्रकाशन र बिक्री-वितरण गर्ने,
(६) आफूले गरेका आवश्यक निर्णयहरूको माथिल्लो समितिबाट अनुमोदन गराउने र आफ्नो कामको प्रतिवेदन नियमितरूपमा माथिल्लो समितिमा पठाउने,
(७) जिल्लामा रहेका घटक मोर्चाहरूको काममा नेतृत्व प्रदान गर्ने, सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन जारी गर्ने,
(८) वार्षिक कार्ययोजना बनाउने र वार्षिक बजेट पारित गरी कार्यान्वयन गर्ने र वार्षिक लेखा-परीक्षण गराई पारित गराउने,
(९) आवश्यक परे विभागहरू गठन गर्ने,
(१०) कूल सदस्य संख्याको १०% नबढाई सदस्यहरू मनोनित गर्ने,
(११) वैचारिक-सैद्धान्तिक आवश्यकताअनुसार प्रशिक्षण सञ्चालन गर्ने, भेलाहरू आयोजना गर्ने,
(१२) कुनै सदस्यले राजीनामा गरेमा वा निधन भएमा वा असक्त भएमा वा कुनै असाध्य रोग लागेमा वा अनुशासनको कारबाहीमा परी निष्काशित भएमा वा कुनै कारणले कुनै पद रिक्त भएमा सो पद पूर्ति गर्ने,
(१३) सदस्यता शुल्क, लेवी, चन्दा र सहयोग संकलन गर्ने,
(१४) जिल्ला अधिवेशन आयोजना गर्ने, र
(१५) जिल्ला कार्यालय संचालन र व्यवस्थापन गर्ने ।

**धारा–२३: महानगरपालिका समितिको गठन** –

हरेक महानगरपालिकामा आफ्नो तहको अधिवेशनद्वारा एक महानगरपालिका समिति गठन हुनेछ । महानगरपालिका समितिको गठन देहायबमोजिम हुनेछ –

(१) महानगरपालिकाभित्र क्रियाशील रहेका जातीय घटक मोर्चाहरूका अध्यक्षहरू पदेन सदस्य र हरेक वडाबाट १/१ जना प्रतिनिधि हुने गरी बढीमा ३५-सदस्यीय महानगरपालिका समिति गठन हुनेछ ।

(२) महानगरपालिका समिति गठन हुनका लागि महानगरपालिकामा न्यूनतम ३ वटा महानगरपालिकास्तरीय जातीय घटक मोर्चाहरूको गठन भएको हुनुपर्नेछ तर ३ भन्दा कम जातीय समुदायहरू बसोबास भएको महानगरपालिकाको हकमा यो प्रावधान लागू हुने छैन ।

**धारा–२४ : उप-महानगरपालिका समितिको गठन –**

हरेक उप-महानगरपालिकामा आफ्नो तहको अधिवेशनद्वारा एक उप-महानगरपालिका समिति गठन हुनेछ । उप-महानगरपालिका समितिको गठन देहायबमोजिम हुनेछ –

(१) उप-महानगरपालिका क्षेत्रभित्र क्रियाशील रहेका जातीय घटक मोर्चाहरूका अध्यक्षहरू पदेन सदस्य र हरेक वडाबाट १/१ जना प्रतिनिधि हुने गरी बढीमा ३१-सदस्यीय उप-महानगरपालिका समिति गठन हुनेछ ।

(२) उप-महानगरपालिका समिति गठन हुनका लागि उप-महानगरपालिकामा न्यूनतम ३ वटा उप-महानगरपालिका स्तरीय जातीय घटक मोर्चाहरूको गठन भएको हुनुपर्नेछ तर ३ भन्दा कम जातीय समुदायहरू बसोबास भएको उप-महानगरपालिकाको हकमा यो प्रावधान लागू हुने छैन ।

## धारा–२५ : नगरपालिका समितिको गठन –

हरेक नगरपालिकामा आफ्नो तहको अधिवेशनद्वारा एक नगर समिति गठन हुनेछ । नगर समितिको गठन देहायबमोजिम हुनेछ –

(१) नगरपालिका क्षेत्रभित्र क्रियाशील रहेका जातीय घटक मोर्चाहरूका अध्यक्षहरू पदेन सदस्य र हरेक वडाबाट १/१ जना प्रतिनिधि हुने गरी बढीमा २५-सदस्यीय नगर समिति गठन हुनेछ ।

(२) नगरपालिका समिति गठन हुनका लागि नगरपालिकामा न्यूनतम ३ वटा नगरपालिकास्तरीय जातीय घटक मोर्चाहरूको गठन भएको हुनुपर्नेछ तर ३ भन्दा कम जातीय समुदायहरु बसोबास भएको नगरपालिकाको हकमा यो प्रावधान लागू हुने छैन ।

## धारा–२६ : गाउँपालिका समितिको गठन –

हरेक गाउँपालिकामा आफ्नो तहको अधिवेशनद्वारा एक गाउँपालिका समिति गठन हुनेछ । गाउँपालिका समितिको गठन देहायबमोजिम हुनेछ –

(१) गाउँपालिका क्षेत्रभित्र क्रियाशील रहेका जातीय घटक मोर्चाहरूका अध्यक्षहरू पदेन सदस्य तथा प्रत्येक वडाबाट प्रतिनिधित्व हुनेगरी बढीमा २१-सदस्यीय गाउँपालिका समिति गठन हुनेछ ।

(२) गाउँपालिका समिति गठन हुनका लागि गाउँपालिकामा न्यूनतम ३ जातीय मोर्चाहरू गठन भएको हुनुपर्नेछ । तर ३ वटा जातीय समुदायहरू बसोवास नभएको गाउँपालिकामा उक्त प्रावधान लागू हुने छैन ।

**धारा–२७ : स्थानीय तह समितिको काम, कर्तव्य र अधिकार –**
स्थानीय तह समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् –

(१) समिति का पदाधिकारीहरूको कार्यक्षेत्र तथा जिम्मेवारी विभाजन गरी तोक्ने,

(२) आफ्नो समिति को कूल सदस्य संख्याको १/३ मा नबढाई सचिवालय गठन गर्ने,

(३) नियमित रूपमा बैठक बस्ने, कामको योजना बनाउने र सोको कार्यान्वयन गर्ने,

(४) माथिल्लो समितिका निर्देशन र निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(५) **संयुक्त मोर्चाका** प्रकाशनहरू समुचित ढंगले बिक्री-वितरण गर्ने एवं आफ्नो तहको मुखपत्र प्रकाशन र वितरण गर्ने,

(६) आफूले गरेका आवश्यक निर्णयहरू माथिल्लो समिति बाट अनुमोदन गराउने र आफ्नो कामको प्रतिवेदन नियमित रूपमा माथिल्लो समितिमा पठाउने,

(७) स्थानीय तहमा रहेका घटक मोर्चाहरूको काममा नेतृत्व प्रदान गर्ने, सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन जारी गर्ने,

(८) वार्षिक कार्य-योजना बनाउने र वार्षिक बजेट पारित गरी कार्यान्वयन गर्ने र वार्षिक लेखा-परीक्षण गराई पारित गराउने,

(९) आवश्यक परे विभागहरू गठन गर्ने,

(१०) कूल सदस्य संख्याको १०% नबढाई सदस्यहरू मनोनित गर्ने,

(११) कुनै सदस्यले राजीनामा गरेमा वा असक्त भएमा वा

कुनै असाध्य रोग लागेमा वा निधन भएमा वा अनुशासनको कार्बाहीमा परी निष्काशित भएमा वा कुनै कारणले कुनै पद रिक्त भएमा सो पद पूर्ति गर्ने,

(१२) सदस्यता शुल्क, लेवी, चन्दा र सहयोग संकलन गर्ने,

(१३) आफ्नो तहको समितिको अधिवेशन आयोजना गर्ने,

(१४) स्थानीय तहको कार्यालय संचालन र व्यवस्थापन गर्ने,

(१५) आफ्नो कार्यक्षेत्रभित्र सैद्धान्तिक-वैचारिक प्रशिक्षण सञ्चालन गर्ने र आवश्यकताअनुसार कार्यकर्ता भेलाहरू आयोजना गर्ने, र

(१६) माथिल्लो समितिले तोकेका अन्य काम गर्ने ।

**(नोटः-स्थानीय तह भन्नाले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका भनी बुझ्नुपर्दछ ।)**

## भाग–७

## तदर्थ समितिको कार्याविधि र बैठक व्यवस्था

**धारा–२८ : तदर्थ समितिको व्यवस्था देहायका अवस्थामा हुनेछ –**

**संयुक्त मोर्चा**को विभिन्न तहमा निर्वाचित समिति नभएको अवस्थामा भेलाद्वारा वा मनोनयनद्वारा तदर्थ समितिहरू गठन गरिनेछन् । यस्तो समितिको मुख्य काम अधिवेशन सम्पन्न गराउनु हुनेछ। अधिवेशन सम्पन्न नहुन्जेलसम्म निर्वाचित समितिका अधिकारहरू प्रयोग गरी यसले काम गर्नेछ। तदर्थ समितिको अवधि सामान्यतया ६ महिनाको हुनेछ ।

**धारा–२९ : कार्याविधि –**

(१) विशेष परिस्थितिमा बाहेक केन्द्रीय तहका समितिहरूका पदाधिकारी तथा सदस्यहरूको कार्यकाल ४ वर्षको हुनेछ

र प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको कार्यकाल ३/३ वर्षको हुनेछ ।

(२) कुनै पनि व्यक्ति एउटै पदमा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनद्वारा पदाधिकारी चुनिएर लगातार २ कार्यकालभन्दा बढी निर्वाचित हुन पाउने छैन । तर एक अवधि छोडी पुनः सोही पदमा रहन पाउनेछ । कुनै पनि तहको पदाधिकारीमा चुनिन एक कार्यकाल सो समितिको सदस्य वा सोभन्दा माथिल्लो समितिको सदस्य वा सम्बन्धित तहको घटक मोर्चाको पदाधिकारी वा मातृ-पार्टीको सम्बन्धित तह वा सोभन्दा माथिल्लो समिति वा निकायमा बसेर काम गरेको हुनुपर्नेछ । **संयुक्त मोर्चा**को केन्द्रीय र प्रदेश समितिमा उम्मेदवार हुन मातृ-पार्टीको सदस्य भएर ५ र ३ वर्ष काम गरेको हुनुपर्नेछ ।

## धारा–३० : बैठक –

(१) केन्द्रीय समितिको बैठक साधारणतया ६ महिनाको एक पटक बस्नेछ ।

(२) प्रदेश, जिल्ला र स्थानीय तहको समितिको बैठक ३/३ महिनामा एक पटक बस्नेछ ।

(३) समितिहरूको बैठक तोकिएको समयमा भए-नभएको अनुगमन एक तह माथिल्लो समितिले नियमित रूपमा गर्नु पर्नेछ । अनुगमनको अभिलेख राख्नु पर्नेछ । तर समितिमा विशेष कारण उल्लेख गरी बहुमत सदस्यहरूले माग गरेमा केन्द्रीय समितिको १ महिनाभित्र र अन्य समितिको १५ दिनभित्र विशेष बैठक बोलाउनु पर्नेछ ।

(४) आवश्यकताअनुसार आकस्मिक बैठकहरू माथिल्लो समितिको निर्देशन वा अनुमतिमा बस्न सक्नेछ ।

# भाग–८

## केन्द्रीय पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**धारा–३१ : केन्द्रीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् –**

***(१) अध्यक्षको काम, कर्तव्य र अधिकार -***

(क) केन्द्रीय समिति र केन्द्रीय सचिवालयको बैठकको अध्यक्षता गर्ने,

(ख) केन्द्रीय समिति र सचिवालयको बैठक बोलाउन महासचिवलाई निर्देशन दिने,

(ग) **संयुक्त मोर्चा**को कार्ययोजना तर्जुमा गरी केन्द्रीय समिति र सचिवालयको बैठकमा पेश गरी आवश्यक छलफल गरी पारित गराउने,

(घ) महाधिवेशन र केन्द्रीय समिति तथा सचिवालयले पारित गरेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा नेतृत्व प्रदान गर्ने,

(ङ) **संयुक्त मोर्चा**को कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्ने,

(च) **संयुक्त मोर्चा**को विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि महाधिवेशन, केन्द्रीय समिति, विभाग तथा अन्य समितिहरूबाट भएका कामहरूको मूल्याङ्कन र अनुगमन गर्ने/गराउने,

(छ) बैठकमा मत बराबर भए निर्णायक मत दिने,

(ज) **संयुक्त मोर्चा**को प्रमुख प्रवक्ताको रूपमा **संयुक्त मोर्चा**लाई प्रतिनिधित्व गर्ने,

(झ) महाधिवेशन र केन्द्रीय समितिको बैठकमा राजनीतिक प्रतिवेदन पेश गर्ने, र

(ञ) विधानअन्तर्गत रही अन्य आवश्यक कामहरू गर्ने ।

***(२) वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार -***

(क) अध्यक्षको काममा सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कामहरू गर्ने/गराउने,

(घ) **संयुक्त मोर्चा**को निर्देशनमा रही संगठन विस्तार, सुदृढीकरण र केन्द्रीय समितिका निर्णयअनुसारका कामहरू गर्ने, र

(ङ) केन्द्रीय समिति वा सचिवालयले तोकेका अन्य कामहरू गर्ने ।

***(३) केन्द्रीय उपाध्यक्षको काम, कर्तव्य र अधिकार -***

(क) केन्द्रीय समितिद्वारा तोकिएको प्रदेशका कामहरूको समन्वय, संयोजन र नेतृत्व गर्ने,

(ख) प्रदेश बैठकमा उपस्थित भई महाधिवेशन र केन्द्रीय समितिका निर्णयहरू तथा **संयुक्त मोर्चाका** उद्देश्यहरू प्राप्तिका लागि आवश्यक योजना निर्माण र त्यसको कार्यान्वयनमा सहयोग गर्ने,

(ग) तोकिएको प्रदेशमा क्रियाशील केन्द्रीय सदस्यहरूलाई आवश्यक निर्देशन दिने, सहयोग गर्ने र नेतृत्व प्रदान गर्ने, र

(घ) केन्द्रीय समितिले दिएका अन्य जिम्मेवारीहरू पूरा गर्ने ।

***(४) महासचिवको काम, कर्तव्य र अधिकार -***

(क) अध्यक्षको परामर्श र निर्देशनअनुसार केन्द्रीय समिति र सचिवालयको बैठक बोलाउने,

(ख) अध्यक्षको परामर्श र निर्देशनमा ती बैठकका निमित्त कार्यसूची निर्धारण गर्ने,

(ग) केन्द्रीय कार्यालय र सचिवालय संचालन गर्ने,

(घ) **संयुक्त मोर्चा**का संगठनात्मक कामहरूको निरीक्षण, अनुगमन र नियमन गर्ने,

(ङ) राष्ट्रिय महाधिवेशन र केन्द्रीय समितिमा संगठनात्मक प्रतिवेदन पेश गर्ने,

(च) मातहतका समिति, घटक मोर्चाहरू र विभागहरूको कामको अनुगमन गरी मूल्याङ्कन अभिलेख राख्ने र समय-समयमा केन्द्रीय समितिमा सोको प्रतिवेदन पेश गर्ने, र

(छ) केन्द्रीय समितिले तोकेको अन्य कामहरू गर्ने ।

***(५) उप-महासचिवको काम, कर्तव्य र अधिकार -***

(क) दैनिक कार्यालय संचालन गर्न महासचिवलाई सहयोग गर्ने,

(ख) महासचिवको काममा सहयोग गर्ने र महासचिवको अनुपस्थितिमा निजले गर्ने कामहरू गर्ने,

(ग) केन्द्रीय समितिले तोकेको विभागीय जिम्मेवारी पूरा गर्ने,

(घ) केन्द्रीय कार्यालयको व्यवस्थापन र सम्पत्तिको संरक्षण तथा रेखदेख गर्ने, र

(ङ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

***(६) सचिवको काम, कर्तव्य र अधिकार -***

(क) दैनिक कार्यालय संचालनमा सहयोग गर्ने,

(ख) महासचिव र उप-महासचिवको काममा सहयोग गर्ने । निजहरूको अनुपस्थितिमा निजहरूले गर्ने कार्य गर्ने,

(ग) केन्द्रीय समितिले तोकेको विभागीय जिम्मेवारी पूरा गर्ने, र

(घ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

***(६) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार -***

(क) **संयुक्त मोर्चा**को कोषको निर्माण र परिचालन गर्ने,

(ख) **संयुक्त मोर्चा**को आर्थिक हिसाब-किताब दुरूस्त राख्ने,

(ग) आर्थिक श्रोतको पहिचान गर्ने, कोष निर्माण र व्यवस्थापनका लागि कार्ययोजना बनाउने,

(घ) राष्ट्रिय महाधिवेशन र केन्द्रीय समितिमा आर्थिक प्रतिवेदन पेश गर्ने,

(ङ) हरेक आर्थिक वर्षमा वार्षिक बजेट पेश गरी पारित गराउने, र

(च) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

***(७) सदस्यहरूको काम, कर्तव्य र अधिकार-***

(क) केन्द्रीय समितिले तोकेको भूगोल, घटक मोर्चा, विभाग वा अन्य कार्यक्षेत्रको जिम्मेवारी पूरा गर्ने,

(ख) बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, र

(ग) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

## धारा–३२: केन्द्रीय सल्लाहकारको काम, कर्तव्य र अधिकार –

(१) **संयुक्त मोर्चा**ले केन्द्रीय समितिको ५०% नबढ्ने गरी केन्द्रीय सल्लाहकार समिति बनाउन सक्नेछ।

(२) सल्लाहकार समितिले आफूहरूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १ र सचिव १ को चयन गर्नेछ।

(३) केन्द्रीय समितिले चाहेको अवस्थामा र विशेष परिस्थितिमा केन्द्रीय समितिलाई सल्लाह र परामर्श दिने ।

(४) केन्द्रीय सल्लाहकार समितिको अध्यक्ष केन्द्रीय समितिको बैठकमा आमन्त्रित हुनेछन् ।

(५) केन्द्रीय सल्लाहकार समितिको बैठक र संचालनसम्बन्धी कार्यविधि आफै निर्धारण गर्ने ।

## धारा ३३: विद्वत/विज्ञ सभाको काम, कर्तव्य र अधिकार

(१) केन्द्रीय समितिले मानार्थ सदस्यहरूसमेत रहन सक्ने एक विद्वत/विज्ञ सभा गठन गर्नेछ।

(२) संयुक्त मोर्चाको केन्द्रीय अध्यक्षको अध्यक्षतामा सभाको बैठक वर्षको १ पटक बस्नेछ । विशेष परिस्थितिमा आवश्यकताअनुसार केन्द्रीय अध्यक्षले अन्य बैठक बोलाउन सक्नेछ।

(३) विद्वत/विज्ञ सभाले संयुक्त मोर्चालाई आवश्यक बौद्धिक लगायत अन्य सल्लाह, सुझाव र सहयोग प्रदान गर्नेछ।

## भाग–९

## प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र तथा स्थानीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**धारा–३४ : प्रदेश, जिल्ला तथा स्थानीय तहको समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार –**

***(१) अध्यक्षको काम कर्तव्य र अधिकार -***

(क) सम्बन्धित समितिको बैठकको अध्यक्षता गर्ने, मत बराबर भए निर्णायक मत दिने,

(ख) **संयुक्त मोर्चा**को नीति, कार्यक्रम कार्यान्वयन गर्ने/ गराउने,

(ग) समितिको बैठक आयोजना गर्न सचिवलाई निर्देशन दिने,

(घ) समितिको बैठकको कार्यसूची तयार गर्न सचिवलाई निर्देशन दिने,

(ङ) आफ्नो कार्य क्षेत्रमा **संयुक्त मोर्चा**को विकास, विस्तार र सुदृढीकरणका लागि कार्ययोजना बनाउने,

(च) अधिवेशनले पारित गरेका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न समितिलाई नेतृत्व प्रदान गर्ने,

(छ) आफ्नो सचिवालय र समितिको कामको अनुगमन र मूल्याङ्कन गर्ने,

(ज) अधिवेशनमा राजनीतिक प्रतिवेदन पेश गर्ने,

(झ) आफ्नो तहको संगठनको समग्र नेतृत्व गर्ने,

(ञ) विधानअन्तर्गत रही अन्य कामहरू गर्ने, र

(ट) माथिल्लो समितिले तोकेका सबै कामहरू गर्ने/गराउने ।

***(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार -***

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कामहरू गर्ने,

(ख) आफ्नो समितिको मातहतमा रही **संयुक्त मोर्चा**को संगठन विस्तार र सुदृढीकरण गर्ने/गराउने, र

(ग) समितिले तोकेका अन्य कामहरू गर्ने ।

***(३) सचिवको काम, कर्तव्य र अधिकार-***

(क) अध्यक्षको निर्देशनमा आफ्नो समितिको बैठक बोलाउने । बैठकको कार्यसूची तयार पार्न अध्यक्षलाई सल्लाह र परामर्श दिने,

(ख) आफ्नो समितिको कार्यालय संचालन र व्यवस्थापन गर्ने,

(ग) आफ्नो तहको समितिको वैठक तथा अधिवेशन वा सम्मेलनमा सांगठनिक प्रतिवेदन पेश गर्ने, र

(घ) समितिका विभागहरू वा कार्यदलको कामको मूल्याङ्कन, अभिलेख राख्ने, नियमित गर्ने र समितिमा पेश गर्ने ।

***(४) उप-सचिवको***

***काम, कर्तव्य र अधिकार -***

(क) दैनिक कार्यालय संचालन गर्न सचिवलाई सहयोग गर्ने,

(ख) सचिवको काममा सहयोग गर्ने र सचिवको अनुपस्थितिमा निजले गरी आएका सबै कामहरू गर्ने, र

(ग) आफ्नो समितिले तोकेको अन्य कामहरू गर्ने ।

***(५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार -***

(क) आफ्नो समितिको कोषको निर्माण र संचालन गर्ने, त्यसका लागि योजना बनाउने,
(ख) आर्थिक हिसाब-किताब दुरूस्त राख्ने,
(ग) अधिवेशनमा समितिको आर्थिक प्रतिवेदन पेश गर्ने,
(घ) प्रत्येक आर्थिक वर्षमा बजेट निर्माण गरी समितिमा पेश गर्ने, र
(ङ) समितिले तोकेका अन्य कामहरू गर्ने ।

***(६) सदस्यको काम, कर्तव्य र अधिकार -***

(क) आफ्नो समितिले तोकेको भूगोल, घटक मोर्चा र विभाग वा अन्य कार्यक्षेत्रको जिम्मेवारी पूरा गर्ने,
(ख) बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने र निर्णय गर्न सहयोग गर्ने, र
(ग) समितिले तोकेको अन्य कामहरू गर्ने ।

## भाग–१०

**विभागको व्यवस्था**

**धारा–३५ : विभागको गठन –**

(क) यस **संयुक्त मोर्चा**को केन्द्रीय समितिअन्तर्गत देहायबमोजिम विभागहरू रहनेछन् -

(१) संगठन विभाग
(२) स्कूलिङ विभाग
(३) आर्थिक विभाग
(४) विदेश विभाग
(५) महिला विभाग
(६) प्रकाशन तथा प्रचार-प्रसार विभाग
(७) उद्योग व्यवसाय तथा वाणिज्य विभाग

(

(८) कानून, न्याय तथा मानव अधिकार विभाग

(९) युवा तथा खेलकूद विभाग

(१०) पर्यटन प्रवर्द्धन विभाग

(११) मातृभाषा संरक्षण तथा प्रचार-प्रसार विभाग

(१२) श्रम तथा रोजगार विभाग

(१३) प्राकृतिक श्रोत तथा संशाधन विभाग

(१४) साहित्य तथा संस्कृति विभाग

(१५) राजकीय

((((((((((((((((((((((((((((((((((((

‘‘‘‘‘‘ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ं।ण्ं‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘

‘‘।ण्ण्ं‘‘‘।।ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्‘‘।ण्ण्ण्ण्ण्ण्‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘

‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘।ण्।ण्ण्ण्ण्ण्ण्ण्ण्ण्ण्‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘।।ण्‘‘।।ण्मामिला विभाग

(१६) संघीय मामिला विभाग

(१७) अध्ययन तथा अनुसन्धान विभाग

(१८) अन्तर-जाति समन्वय विभाग

(ख) केन्द्रीय समितिले पदाधिकारी प्रमुख रहने ग‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘।ण्‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘।।ण्‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘‘।री विभागहरू गठन गर्नेछ। पदाधिकारी नपुग भएमा केन्द्रीय सदस्यमध्येबाट पनि विभागीय प्रमुख तोकिनेछ। केन्द्रमा बढीमा ७ जनासम्म विभागका सदस्यहरू रहनेछन्।

(ग) प्रदेशमा विदेश तथा स्कुलिङ विभागबाहेक आवश्यकतानुसार ५-सदस्यीय विभागहरु गठन गर्न सकिनेछ। केन्द्रीय समितिले आवश्यकतानुसार विभागहरू थपघट गर्न सक्नेछ।

**धारा–३६: निर्वाचन समितिको गठन –**

(१) राष्ट्रिय महाधिवेशनले ९-सदस्यीय, प्रदेश अधिवेशनले ७-सदस्यीय र जिल्ला, निर्वाचन क्षेत्र, महानगर, उप-महानगर, नगरपालिका र गाउँपालिकास्तरीय अधिवेशनले ५ जनासम्म सदस्य रहेको एक निर्वाचन समिति गठन गर्नेछ। प्रत्येक निर्वाचन समितिमा कम्तिमा १/३ महिला हुनुपर्नेछ । उक्त निर्वाचन समितिहरूले विधानबमोजिम मातृ-पार्टीको निर्वाचन आयोगसंग समन्वय गरी विभिन्न पदहरूको निर्वाचनसम्बन्धि आवश्यक कामहरू गरी निर्वाचन सम्पन्न गर्नेछ ।

(२) निर्वाचन समितिमा रहेका व्यक्तिहरूले उम्मेदवार हुन र उम्मेदवारको प्रस्तावक तथा समर्थक हुन पाउने छैनन् ।

(३) निर्वाचनमा उम्मेदवार बन्ने व्यक्ति **संयुक्त मोर्चा**को विधानअनुसार अयोग्य छ भनी उजुरी परेमा छानबीन गर्ने र निर्वाचनसम्बन्धि सम्पूर्ण निर्णय गर्ने काम, कर्तव्य र अधिकार निर्वाचन समितिलाई हुनेछ ।

(४) निर्वाचन सम्पन्न भएपछि निर्वाचित व्यक्तिलाई अध्यक्ष-मण्डलको अध्यक्ष वा माथिल्लो समितिका प्रतिनिधिद्वारा अनुसूची–२ बमोजिमको शपथ-ग्रहण गराउनु पर्नेछ ।

(५) निर्वाचन समितिको सम्पूर्ण काम पूरा भएपछि निर्वाचन समिति स्वतः विघटन भएको मानिनेछ ।

## भाग–११

## कोषको व्यवस्था

**धारा–३७: कोषको श्रोत –** कोषको आय-श्रोत देहायबमोजिम हुनेछन् :-

(१) सदस्यता शुल्क,
(२) लेवी,
(३) दान, दातब्यबाट प्राप्त सहयोग,
(४) प्रकाशन बिक्री-वितरणबाट प्राप्त रकम,
(५) विशेष कार्यक्रम वा अभियानबाट सङ्कलित रकम ।

**धारा–३८ : कोषको संचालन देहायबमोजिम हुनेछ –**

(१) **संयुक्त मोर्चा**को एउटा कोष हुनेछ र यसमा धारा-३७ बमोजिमको रकम राखिनेछ ।

(२) **संयुक्त मोर्चा**को केन्द्रीय समिति र मातहतका समितिहरूको बैंक खाता संचालन सम्बन्धित समितिको कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरी अध्यक्ष वा महासचिव/सचिवमध्ये कुनै एकको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(३) **संयुक्त मोर्चा**को नाममा भएको चल-अचल जिन्सीलगायत सम्पूर्ण सम्पत्ति **संयुक्त मोर्चा**को केन्द्रीय समितिको पूर्ण स्वामित्वमा रहनेछ । त्यसको लगत तोकिएबमोजिम राखिनेछ । केन्द्रीय समितिको अनुमतीबिना लिइएको ऋण तथा दायित्वप्रति **संयुक्त मोर्चा** जवाफदेही हुने छैन ।

**धारा–३९ : लेखा तथा लेखा-परीक्षण –**

(१) **संयुक्त मोर्चा**को आय-व्ययको लेखा मातृ-पार्टीको केन्द्रीय लेखा-परीक्षण आयोगले तोकिदिएको प्रणालीबमोजिम राखिनेछ ।

(२) **संयुक्त मोर्चा**को आन्तरिक लेखा-परीक्षण केन्द्रीय समितिले तोकेको रजिष्टर्ड लेखा-परीक्षकद्वारा गराइनेछ । महाधिवेशनले अन्तिम लेखा-परीक्षण पार्टीको केन्द्रीय

लेखा-परीक्षण आयोगबाट गराउनुपर्नेछ । यसको रिपोर्ट महाधिवेशनद्वारा अनुमोदन गराउनुपर्नेछ ।

(३) प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र र स्थानीय तहका समितिहरूको आन्तरिक लेखा-परीक्षण सम्बन्धित समितिले तोकेको रजिष्टर्ड लेखा-परीक्षकद्वारा गराउनुपर्दछ ।

## भाग–१२
## <u>अनुशासन र कार्वाही</u>

### धारा–४० : जिम्मेवारी, अनुशासन र कार्वाही –

(१) प्रत्येक पदाधिकारी तथा सदस्यहरू सम्बन्धित समितिको मातहतमा र तल्लो समिति माथिल्लो समितिको मातहतमा र सम्पूर्ण सदस्यहरू महाधिवेशनप्रति उत्तरदायी हुनुपर्नेछ ।

(२) यस विधानबमोजिम दिइएका जिम्मेवारी सम्बन्धित सबै पदाधिकारी तथा सदस्यहरूले निःशर्त पालना गर्नुपर्नेछ, पालना नगरेमा सम्बन्धित वा माथिल्लो समितिले आलोचना, चेतावनी, निलम्बन तथा निष्काशनसम्मको अनुशासनात्मक कार्वाही गर्न सक्नेछ । यसरी निष्काशन तथा अनुशासनको कार्वाही भएका पदाधिकारी तथा सदस्यहरूले सम्बन्धित समितिभन्दा एक तह माथिल्लो समितिमा ३५ दिनभित्र लिखित पुनरावेदन गर्न पाउनेछन् ।

(३) कुनै पनि पदाधिकारी तथा सदस्यहरू बिना कारण र बिना सूचना बैठकमा अनुपस्थित भएमा सम्बन्धित समितिले स्पष्टिकरण माग्न सक्नेछ ।

(४) बैठकमा लगातार ३ पटकसम्म अनुपस्थित सदस्य तथा पदाधिकारी तथा सदस्यहरूलाई कार्वाही गरी निष्काशन गर्न सकिनेछ ।

(५) संगठनको अहित गर्ने कुनै पनि सदस्यलाई संगठनले कार्वाही चलाउनेछ ।

(६) अभियोग लागि सजाय गर्नुपर्ने ठहरिएको व्यक्तिलाई सजाय हुनुभन्दा अगावै आफ्नो स्पष्टिकरण दिने मौका प्रदान गरिनेछ ।

(७) अभियोग लागेको व्यक्तिले सन्तोषजनक सफाइ दिएमा निजलाई लागेको अभियोगबाट मुक्त गर्न सकिनेछ ।

(८) निलम्बित व्यक्तिलाई ६ महिनाभित्रमा निष्काशन नगरिएमा निलम्बन फुकुवा भएको मानिनेछ । यसरी निष्काशन गरिएको ठाउँमा सम्बन्धित समितिले बाँकी अवधिका लागि अर्को व्यक्ति मनोनयन गर्न सक्नेछ ।

(९) कुनै पनि व्यक्तिले संगठनबाट दिएको राजीनामा सम्बन्धित समितिबाट स्वीकृत गर्नुपर्नेछ ।

(१०) कुनै पनि सदस्यले आफ्नो राजीनामा सम्बन्धित समितिको अध्यक्षसमक्ष र अध्यक्षले उपाध्यक्षसमक्ष दिनुपर्नेछ ।

## भाग–१३

## घटक मोर्चासम्बन्धि व्यवस्था

**धारा–४१ः घटक मोर्चासम्बन्धि व्यवस्था –** यस विधानलाई निःशर्त पालना गर्ने आदिवासी/जनजाति समुदायहरूले यस विधानबमोजिम जातीय घटक मोर्चाहरू बनाउन पाउनेछन् ।

(१). जातीय घटक मोर्चाहरूले यस विधानसंग नबाझिने गरी आफ्नै विधान बनाई लागू गर्नेछन् ।

(२) जातीय घटक मोर्चाहरूको नाम **संयुक्त मोर्चा**संग मेल खानेगरी बनाउनु पर्नेछ । जस्तैः सुरूमा जातीय पहिचानको नाम र त्यसपछि राष्ट्रिय मुक्ति मोर्चा, नेपाल जोडेर लेख्नुपर्नेछ ।

(३) घटक मोर्चाहरूको केन्द्रीय समिति सदस्य संख्या घटक मोर्चाहरूले आ-आफ्नो आवश्यकताअनुसार तय गर्न सक्नेछन् ।

(४) प्रत्येक घटक मोर्चाले आफ्नो मातहतको समिति र समिति सदस्य संख्याको मापदण्ड आफ्नै विधानमा निर्धारण गर्नेछ ।

(५) घटक मोर्चाले **संयुक्त मोर्चा**को सदस्यता प्राप्त गर्नुपर्दछ, वार्षिक रूपमा सदस्यता नवीकरण गर्नुपर्दछ र **संयुक्त मोर्चा**को निर्देशन पालन गर्नुपर्नेछ ।

(६) घटक मोर्चाको महाधिवेशन गर्दा **संयुक्त मोर्चा**को स्वीकृति लिनुपर्नेछ ।

(७) घटक मोर्चासम्बन्धि कुनै विवाद उत्पन्न भएमा **संयुक्त मोर्चा**को निर्णय अन्तिम हुनेछ ।

## भाग–१४
## संघीय आयोगहरू

**धारा–४२ : संघीय अनुशासन आयोग –** राष्ट्रिय महाधिवेशनले अध्यक्ष १, सचिव १ रहने गरी ११-सदस्यीय संघी**य अनुशासन आयोग** गठन गर्नेछ ।

**धारा–४३: संघीय लेखा-परीक्षण आयोग –** राष्ट्रिय महाधिवेशनले अध्यक्ष १ र सचिव १ रहने गरी ११-सदस्यीय **संघीय लेखा-परीक्षण आयोग** गठन गर्नेछ ।

## भाग–१५
## विविध

**धारा–४४ : अविश्वासको प्रस्ताव – संयुक्त मोर्चा**का अध्यक्षलगायत पदाधिकारीहरूलाई **संयुक्त मोर्चा**को नीति एवं उद्देश्यविपरीत कार्य गरेको अभियोग लगाई सम्बन्धित समितिको कूल सदस्य संख्याको बहुमतले हस्ताक्षर गरी अविश्वास प्रस्ताव दर्ता गर्न सकिनेछ । अविश्वासको प्रस्तावउपर छलफल गरी समितिको २/३ बहुमतले निर्णय गरी पदबाट बर्खास्त गर्न सकिनेछ। तर त्यस्तो अविश्वासको प्रस्ताव दर्ता भएपछि अभियोग लागेको व्यक्तिलाई सफाइको अवसरबाट बञ्चित गरिने छैन। तल्लो समितिहरूमा भएको कारवाहीको अनुमोदन एक तह माथिल्लो समितिद्वारा गराउनु पर्नेछ ।

**धारा–४५: नियमावली बनाउने – संयुक्त मोर्चा**को उद्देश्य प्राप्तिका लागि केन्द्रीय समितिले विधानअनुसार आवश्यक नियमावली र आचार-संहिता बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**धारा–४६: विधान संशोधन –** यस विधानमा संशोधन गर्नु परेमा संशोधनको मस्यौदा प्रस्ताव केन्द्रीय समितिमार्फत राष्ट्रिय महाधिवेशनमा पेश गरी सो महाधिवेशनको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएपछि लागू हुनेछ ।

**धारा–४७ : विधानको व्याख्या गर्ने तथा बाधा-अड्काउ फुकाउने अधिकार –** विधानको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा–अड्काउ आइपरेमा त्यसको व्याख्या गरी बाधा-अड्काउ फुकाउन निर्णय गर्ने अधिकार केन्द्रीय समितिलाई मात्र हुनेछ । तर त्यस्तो विषयमा केन्द्रीय समितिले गरेको निर्णय त्यसपछि हुने राष्ट्रिय महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ ।

## अनुसूची–१

**झण्डा**



**आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपालको** झण्डाको आकार ३:२ को अनुपातमा रातो रंगको हुनेछ । झण्डाको बायाँ कुनाको माथिल्लो भागमा एउटा ठूलो आकारको पाँचकुने तारा र त्यसको अगाडि चन्द्राकारमा ५-कुने सानो आकारका ७ वटा ताराहरू हुनेछन् ।

**झण्डाको व्याख्या र परिभाषा –**

झण्डाको रातो रंगले नेपालका आदिवासी/जनजातिहरू आफ्नो हक-हित, मुक्तिका लागि अझै क्रान्तिमा रहेको जनाउँदछ । त्यसै गरी,

बायाँतर्फको माथिल्लो कुनामा रहेको ठूलो आकारको ५-कुने सेतो तारा आदिवासी/जनजातिहरूको बीचको एकताको प्रतीक हुनुका साथै तिनीहरू जाज्वल्यमान, अटल र विश्वासिलो रहेको देखाउँदछ भने त्यसको अगाडि रहेका ७ वटा ताराले सातवटै प्रदेशका हिमाल, पहाड र तराई क्षेत्रका आदिवासी/जनजातिहरूको प्रतिनिधित्व गर्दछन् ।

## अनुसूची–२
**प्रतीक चिन्ह**



**आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**को प्रतीक चिन्ह पाकेको कोदोको बाला हुनेछ । कोदोको नेपालको हिमाल, पहाड र तराई/मधेश सबै क्षेत्रका आदिवासी/जनजाति मात्र हैन, सम्भवतः विश्वभरिकै आदिवासी/जनजातिहरूसँग सरोकार तथा सम्बन्ध रहन्छ ।

## अनुसूची–३

**छाप**

गोलकार चित्रको बीचको भागमा पाकेको कोदोको बाला रहनेछ र उक्त गोलाकारको वरपरको भागमा **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल** र तलपट्टि **आजसंमोने** लेखिएको हुनेछ । गोलकारको भित्र कोदोको बालाको तलतिर **स्थापना वर्ष २०६३** उल्लेख गरिएको हुनेछ ।

।

## अनुसूची–४

**शपथ-ग्रहण**

म नेपालका आदिवासी/जनजातिहरूको गौरवशाली संगठन **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**को ............ ..... ........ समितिको ...........पदमा निर्वाचित/मनोनित भएको यस महत्वपूर्ण घडीमा **संयुक्त मोर्चा**को झण्डा सामु उभिएर निम्न प्रतिज्ञा गर्दछु –

१. म **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**को विधानलाई कडाइका साथ पालन गर्नेछु ।

२. म **आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल**को गोपनीयता तथा एकतालाई जस्तोसुकै कठिन परिस्थितिमा पनि बचाइराख्नेछु ।

३. म स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउने प्रण गर्दछु ।

४. म नेपालका आदिवासी/जनजातिहरूको हक-हितको रक्षाको निम्ति सबै प्रकारका शत्रुहरू र गलत विचारका विरुद्ध संघर्ष गरिरहनेछु र आदिवासी/जनजातिहरूको सेवा गर्नबाट कहिल्यै पछि हट्ने छैन ।

- ☛ आदिवासी/जनजातिहरूको एकता---- जिन्दावाद !
- ☛ सघीय लोकतान्त्रिक गणतन्त्र ------ जिन्दावाद !
- ☛ वीर शहीदहरू ------------------ लाल सलाम !

**आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल** - जिन्दावाद !

- ☛ **नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)** ---- जिन्दावाद !

(**आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपालको, *केन्द्रीय समितिको*** *२०७८/../.. मा काठमाण्डौंमा सम्पन्न प्रथम बैठकमा प्रस्तुत एवं पारित)*